# राष्ट्रिय समावेशी आयोग

धोबीघाट, ललितपुर

## अन्तर्राष्ट्रिय श्रमिक दिवसको सन्दर्भमा मन्तव्य

**स्वस्थ्य मनोसामाजिक कार्य वातावरणको सुनिश्चितता (Ensuring a Healthy Psychosocial Working Environment)** भन्ने विश्वव्यापी नाराका साथ मे १ का दिन मनाउन गईरहेको १३९औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण श्रमिक दाजुभाइहरूमा सुख, शान्ति, स्वास्थ्य, सुरक्षित र मर्यादित जीवनका लागि राष्ट्रिय समावेशी आयोगको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछु।

सन् १८९० देखि हरेक वर्ष मे १ का दिन संसारभर श्रमिक दिवस मनाउँदै आइएको छ। यस दिवसले श्रमिकको अधिकार, मर्यादा र योगदानको सम्मानलाई जोड दिनुका साथै श्रमिकहरूलाई आफ्नो आवाज उठाउने प्रेरणा दिने गर्दछ। नेपालमा श्रम र श्रमिकको सम्मान गर्ने संस्कारको विकास नहुनु, श्रम बजारमा रहेका लैंगिक विभेद र असमानता व्याप्त हुनु, श्रम निरीक्षण प्रभावकारी नहुनु, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको न्यून पारिश्रमिक तथा सामाजिक सुरक्षा नहुनु विद्यमान समस्या रहेको छ।

नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ ले श्रमिकको हक अधिकारको संरक्षण र विकासका लागि अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने, तिनीहरूसँग सम्बन्धित नीति तथा कार्यक्रमहरूको समिक्षा, अनुगमन र मूल्याङ्कन गर्ने काम, कर्तव्य र अधिकार निर्दिष्ट गरे बमोजिम यस आयोगले श्रम कानूनको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई सिफारिश गरेको छ। ती सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्न आवश्यक रहेको छ।

श्रम कानूनहरूको प्रभावकारी कार्यान्वयन गरी विभिन्न क्षेत्रमा कार्यरत श्रमिकहरूको हक अधिकारको संरक्षण एवम् सम्बर्द्धन, स्वस्थ्य मनोसामाजिक कार्य वातावरणको निर्माण, सामाजिक सुरक्षाको विस्तार, न्यूनतम पारिश्रमिकमा पुनरावलोकन, डिजीटल श्रम पोर्टल लगायत श्रम क्षेत्रमा प्रविधिको प्रयोग र वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउँदै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु सरकारको आगामी कार्यदिशा हुनु पर्दछ। यसको लागि सरकार, निजी क्षेत्र, श्रमिकको हक अधिकारका लागि कार्यरत सरोकारवाला संस्था एवम् स्वयं श्रमिकहरूको पनि साथ र सहयोगको आवश्यकता देखिन्छ।

अन्त्यमा, अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्वद्ध सबैमा अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपालको संविधान एवम् प्रचलित कानूनद्वारा प्रदत हक अधिकारको सुनिश्चितताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८३ बैशाख १८ गते ( १ मे २०२६)

हरिदत्त जोशी
कार्यवाहक अध्यक्ष

Website: www.ninc.gov.np Email: info@ninc.gov.np
Phone No.: 01-5455237,54555329